नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

साउन/भदौ २०७९ (August 2022) वर्ष २५/अङ्क २८२

## हाम्रो समर्पणमा हामी कहाँ छौं ?

– पाष्टर बर्णबास श्रेष्ठ

नेइम मण्डलीलाई परमेश्वरले आशिष दिँदै यहाँसम्म ल्याउनुभएको छ । मण्डलीका धेरै समर्पित सदस्यहरूको उत्साहपूर्ण सकृय सहभागिताको कारण मण्डली आशिषित् हुन सकेको छ । कोभिड पछि मण्डलीमा फेरि हाम्रो समर्पण के हो र सदस्य भएको कारण हाम्रो मण्डलीप्रति दायित्व के हो सो पुनर्ताजकीको लागि यो लेख्दैछु । कोभिड पछि धेरै नयाँ अनुहारहरू मण्डलीमा देखिरहेको अवस्थामा समर्पित सदस्य हुन के गर्नुपर्छ र सदस्य भएपछि दायित्व के हुनेछ भन्ने जानकारी दिनको लागि पनि सूचना-पत्र मार्फत जानकारी गराउन खोजिएको हो ।

मण्डलीको सदस्य हुनको लागि, "परमेश्वरले मलाई नेइम.... मण्डलीमा राख्नुभएको हो भन्ने जानेर स्वीकार गर्दछु । यसैले म यस मण्डलीको हुँ र यो मण्डली मेरो हो । यसर्थ प्रभु येशू ख्रीष्टको अनुग्रहद्वारा नेपाली इसाई मण्डलीको सदस्यको नाताले निम्न लिखित बुदाहरू यथासक्य पालना गर्नेछु" भनी समर्पणको लागि सबैको सामु हस्ताक्षर गर्ने गरेका छौं । सदस्यता हुन अघि बप्तिस्मा पूर्वका कक्षाहरू पूरा गरी बप्तिस्मा लिएर बप्तिस्मा पछिको र समर्पण अघिका कक्षा पूरा गरे पछि समर्पण गर्न सकिन्छ । अरू मण्डलीबाट आउनुभएका अर्थात् अरूनै मण्डलीमा बप्तिस्मा लिएको तर नेइमको सदस्य हुन खोज्नु भएकाहरूको लागि, जुन मण्डलीबाट आउनुभएको सो मण्डलीबाट बप्तिस्मा लिएको प्रमाण सहितको सिफारिस-पत्र आवश्यक पर्दछ । यसरी सिफारिस लिएर आएका व्यक्तिहरूले पनि समर्पण अघिको तयारी कक्षामा बस्नुपर्छ । नेइमको विश्वास र नेइमका अभ्यासहरूको सम्बन्धमा बुझ्न बुझाउनुपर्ने भएको कारण पनि कक्षा लिन अनुरोध गरिन्छ । सिफारिस-पत्रमा सम्भव भएसम्म सो मण्डलीको पाष्टरको सम्पर्क नम्बर पनि खुलाएको हुनुपर्छ कारण नेइमले आवश्यक परेको खण्डमा समर्पण गर्न चाहने व्यक्तिको सम्बन्धमा सोध्न बुझ्न सक्नेछ । यसो गरिनुको उद्देश्यचाहिँ अन्य मण्डलीमा केही अनुचित कार्य गरी आएको भए सो थाहा पाउन सकिन्छ र सो व्यक्तिलाई आवश्यक सल्लाह सुझाव दिनको लागि हो ।

नेइम मण्डलीहरूबाट नै आउनुभएकाहरूको हकमा समर्पण गर्नु अघि सम्बन्धित मण्डलीको अगुवाहरूसँग सरसल्लाह गरी समर्पण गर्न दिने अभ्यास छ । यी सबै गरिनुको कारण मण्डलीमा कुनै प्रकारको असझदारी नहोस्, समर्पित सदस्यहरूको विवरण ठीकसँग राख्न सकियोस् र मण्डलीको सेवा संगतिको लागि कुनै किसिमको बाधा नहोस् भन्नको लागि हो । हाम्रो परमेश्वर गोलमालको हुनुहुन्न ।

"किनकि परमेश्वर गोलमालको परमेश्वर हुनुहुन्न, तर शान्तिका परमेश्वर हुनुहुन्छ।" (१ कोरिन्थी १४:३३ ।

हरेक व्यक्तिले राजीखुशी र स्वेच्छाले प्रार्थना सहित समर्पण गर्नुपर्ने हुन्छ । समर्पण गर्न कसैलाई बाध्य वा करकापमा पारिँदैन । समर्पण गर्न चाहनेहरूले मण्डलीका केही साधारण सर्तहरू यथासक्य पालन गर्नुपर्ने हुन्छ । जस्तै : "मण्डलीको सबै सेवा संगतिहरूमा सकृय भाग लिने छु ।" सकृय सदस्यहरूले भरिएको मण्डलीनै स्वस्थ्य मण्डली हुन्छ । अहिले पनि संगतिमा आउन सक्ने अवस्था हुँदा हुँदै पनि संगतिमा नआउने तर दशांश भेटी लगायत अन्य भेटीहरू निरन्तर रूपमा दिइराख्नुहुनेहरू पनि हुनुहुन्छ । एक विश्वासीको लागि साप्ताहिक आराधना सेवा लगायत घरेलु संगति, मण्डलीको प्रार्थना सेवाका साथसाथै आफ्नो क्षेत्रअनुसार पुरुषहरूको संगति, महिलाको संगति, जवानहरूको संगतिहरूमा पनि सकृय भाग लिनुपर्ने हुन्छ ।

यसै गरी अर्को सर्तमा भनिएको छ "मण्डलीमा दशांश भेटी, साप्ताहिक भेटी र अन्य भेटीहरू पनि ठीक ठीक बुझाउनेछु ।" नेइम मण्डली स्थापनाको समय देखिनै स्वपालित मण्डलीको रूपमा चिनिँदै आएको छ । मण्डलीको पूर्णकालिन सेवक/सेविकाहरू, मिसनरीहरूलाई दिइने सपोर्ट, छोरी मण्डलीलाई दिइने सहयोग, मण्डलीको घरभाडा, लगायत मण्डलीको सम्पूर्ण प्रशासनिक खर्चहरू सबै मण्डलीहरूले आफ्नै स्रोतबाट पूरा गर्दै आएको छ । आफ्नो घर आफै चलाउनुपर्छ, त्यसैले नेइम मण्डली स्थापना कालदेखि नै मण्डलीका विश्वासीहरूले दिएको भेटी, दशांशबाट नै चल्दै आएको मण्डली हो ।

तेस्रो सर्तमा भनिएको छ, "मण्डलीमा अधिकारको स्थानमा राखिएको मण्डलीको पाष्टर, एल्डर, डीकन, डीकनेस् लगायतका सबै अगुवाहरूको अधिनतामा रहि हर तरहले चाहिँदो सहयोग पुराउनेछु ।" अनुशासन नभएको घर भद्रगोल हुन्छ । मण्डली धेरै प्रकारको व्यक्तित्वहरू भएका, धेरै भिन्न प्रकारको पृष्ठभूमिबाट आएका, विभिन्न शैक्षिक र आर्थिक क्षमता भएका, धेरै भिन्न सांस्कृतिक पृष्ठभूमिबाट आएका मानिसहरूले भरिएको मण्डलीमा अनुशासन तथा अधिनता स्वीकार गरी सहयोग पुऱ्याउने काम भएन भने मण्डली धेरै भद्रगोल मात्र होइन मण्डली अस्तव्यस्त नै हुन्छ । मण्डलीले अधीन गर्ने काम गर्दैन, अधिनता कसैलाई मन पनि पर्दैन तर परमेश्वरको मण्डली जो ख्रीष्टको जीवित शरीर भनेर मानिलिन्छौं, शान्तिले भरिएको र व्यवस्थित गर्न हामी सबै लागिपर्नुपर्ने हुन्छ ।

चोथो सर्तचाहिँ "प्रभु येशू ख्रीष्टको महिमाको निम्ति, मण्डलीको बृद्धि, निर्माणको निम्ति र परिपक्वताको खातिर एउटा योग्य र समर्पित सदस्यको कर्तव्य निभाउनेछु ।"

समर्पणलाई मण्डलीको विधि-विधानको रूपमा मात्र हेर्न हुँदैन । बाल-अर्पण, विवाह, मृत्युभए पछिको लागि मात्र समर्पण गर्ने होइन । यस्तो यदाकदा देखिएता पनि यो स्वस्थ्य मण्डलीको लागि हानिकारक छ भन्ने जानेर सकेसम्म त्यसो हुन नदिन प्रयास भैरहेकै हुन्छ । एक सकृय सदस्य नभएसम्म मण्डलीले न कुनै जिम्मेवारी नै दिन सक्छ न त सदस्य नभएका व्यक्ति, अनुशासनको कारण मण्डली सदस्यबाट निलम्बनमा परेको (Membership suspended) व्यक्तिप्रति यस्तो गर्नैपर्छ भन्ने दायित्व पनि रहँदैन ।

हामीहरूले समर्पण गर्दा यो परमेश्वरको उपस्थितिमा र परमेश्वरको मण्डली अघि लिखित रूपमै हस्ताक्षर गरी प्रतिबद्धता जनाएका

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **साउन २८** August 13 | एल्डर सिमोन पाठक | श्री सरुष मान तामाङ्ग | एल्डर सिद्धि खालिङ | श्रीमती माया लामा | श्री मिन ब. तामाङ्ग | श्री ध्रुब घिमिरे | सह-पाष्टर रूबेन श्रेष्ठ | डीकनेस् रीता अधिबारी | पाष्टर बि.बि. खवास | श्री सिमोन लामा |
| **भदौ ५** August 20 | एल्डर दिनेश न्यौपाने | डीकन राजु तामाङ्ग | श्री लेखनाथ पौडेल | डीकन राम ब.तामाङ्ग | श्रीमती निशा तामाङ्ग | श्री स्टिफन राई | एल्डर श्रीलक्ष्मी सैंजु | श्री श्रीराम सुर्खेती | श्री विश्वास थापा | डीकन कुमार नगरकोटी |
| **भदौ ११** August 27 | पाष्टर अशोक मुखिया | श्रीमती माया श्रेष्ठ | डीकन सुवोध अधिकारी | डीकन कुमार गजमेर | एल्डर मान ब. मगर | एल्डर घन श्याम दाहाल | पाष्टर प्रेम श्रेष्ठ | डीकनेस् शान्ता मगर | एल्डर ग्रेस खालिङ | एल्डर भुवन देवकोटा |
| **भदौ १८** September 3 | एल्डर अर्जुन ढकाल | डीकनेस् रश्मिला तामाङ्ग | एल्डर बाग मान तामाङ्ग | डीकन सुनील तामाङ्ग | श्री सरुष तामाङ्ग | पाष्टर बि.बि.खवास | सह-पाष्टर रूबेन श्रेष्ठ | एल्डर नभराज के.सी | एल्डर शरण राई | एल्डर आनन्द न्यौपाने |

हुन्छौं । यसर्थ समर्पणलाई हल्का रूपले लिन मिल्दैन । हामीले गरको बाचा वा भाकल हामीले पूरा गर्दैनौं भने हामीहरूले झूट बोलेको वा भाकललाई हल्का रूपले लिएको ठहर्छ जो वचनले भनेअनुसार बेठीक छ । अब हामीले समर्पणको समयमा गरिएको बाचालाई सम्झने र बाचाअनुसार गर्ने निश्चय गरौं । हामीहरूले गरेको बाचा पुरा गर्‍यौं भने परमेश्वरले निश्चयन आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ । मण्डलीमा परमेश्वरको महिमा हुनेछ । हाम्रा मण्डली परिवारहरू आशिषित् हुनेछन् र हाम्रा मण्डली धेरैको लागि उत्साहको कारण बन्नेछ ।

"जब तिमी परमेश्वरसित भाकल गर्दछौ, त्यो पूरा गर्नमा बिलम्ब नगर । मूर्खसँग उहाँ प्रसन्न हुनुहुन्न । तिम्रो भाकल पूरा गर" (उपदेशक ५:४) ।

"कुनै मानिसले परमप्रभुको निम्ति भाकल गर्‍यो अथवा बाचाबाधेर शपथ खायो भने, त्यसले आफ्नो वचन भङ्ग गर्नु हुँदैन । त्यसको मुखबाट जुन वचन निस्केको थियो, त्यो त्यसले गर्नैपर्छ" (गन्ती ३०:२) ।

"तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति कुनै भाकल गरेपछि त्यो पूरा गर्न ढिलो नगर, किनभने उहाँले त्यो पूरा भएको हेर्न चाहनुहुन्छ । नत्रता तिमीहरूलाई पाप लाग्नेछ । तर भाकलै गरेका छैनौ भने तिमीहरूलाई पाप लाग्दैन । जे कुरा तिमीहरूको मुखबाट निस्कन्छ त्यो तिमीहरूले पूरा गर्नैपर्छ, किनकि परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले स्वेच्छापूर्वक आफ्नै मुखले भाकल गरेको हो" (व्यवस्था २३:२१–२३) ।

"भाकल गररे पनि पूरा नगर्नभन्दा त भाकल नगरेको अझ असल हो । तिम्रो आफ्नो बोलीले तिमीलाई पाप गर्न नलाओस् । अनि मन्दिरको समाचारबाहकलाई "मेरो भाकल त भूल भएको थियो" भनी प्रतिवाद नगर । तिमीले बोलेका कुरासँग परमेश्वर रिसाएर तिम्रो हातको कामलाई नाश गर्ने, किन ?"

## जानकारी



बुद्धनगर बस्नुहुने नेइम ललितपुर चर्चको सदस्य श्रीमती अनुजा यादव ४६ वर्षको उमेरमा २०७९ असार २५ गते/जुलाई ९ तारिख २०२२ शनिबार प्रभुमा सुत्नुभयो ।



आकाशेधारा बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्रीमती चन्द्रमाया नेपाली ७७ वर्षको उमेरमा २०७९ असार ७ गते/जुलाई २३ तारिख २०२२ शनिबार प्रभुमा सुत्नुभयो ।



नगरकोट बस्नुहुने नेइम नगरकोट चर्चको सदस्य श्रीमती कान्छी तामाङ्ग ६९ वर्षको उमेरमा २०७९ असार २३ गते/जुलाई ७ तारिख २०२२ बिहीबार प्रभुमा सुत्नुभयो ।

असार ३२ गते/जुलाई १६ तारिख शनिबार नेइम ज्ञानेश्वर चर्चमा ५२ जना बालबालिकाहरूको बाल-अर्पण भयो ।

### हार्दिक बधाई





इश्वरशास्त्रमा स्नातकोत्तर (M.Div) समापन गरी दीक्षित हुनुभएका नेइम जोरपाटी चर्चका सदस्यहरू श्री कृष्ण (नारायण) श्रेष्ठ र श्री उमेश गुरमचानलाई मण्डली परिवारको तर्फबाट बधाई ज्ञापन गर्दछौं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **साउन २८** August 13 | डीकन मोहन श्रेष्ठ | डीकनेस् रुष माया लामा | श्री चित्र खड्का | श्री अमृत लामा | डीकन कृष्ण तामाङ्ग | एल्डर राज गुरूङ्ग | एल्डर सागर थापा | एल्डर अष्ट श्रेष्ठ | एल्डर बेन्जामिन तामाङ्ग | एल्डर छोदेन कार्थक | एल्डर जोरविर राई |
| **भदौ ५** August 20 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पेशल राई | श्रीमती सलोमी दों | एल्डर अष्ट श्रेष्ठ | श्री विकास श्रेष्ठ | सुश्री उषा गौतम | एल्डर राज गुरूङ्ग | श्रीमती देवकी लामा | पाष्टर बर्णबास श्रेष्ठ | श्री कुमार सेन्चुरी | एल्डर बी.एन पण्डित |
| **भदौ ११** August 27 | डीकन सुनिल मुनिकार | श्री राजेन्द्र घोरासैनी | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | श्री उमेश मगर | श्री अमृत लामा | एल्डर पिटर लिम्बू | डीकन अनिल आले | डीकन डिल्ली ब.राई |
| **भदौ १८** September 3 | एल्डर पेशल राई | पाष्टर प्रेम श्रेष्ठ | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | एल्डर गोपी राई | एल्डर सागर थापा | एल्डर राज गुरूङ्ग | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर कर्ण तामाङ्ग | एल्डर जोरविर राई |

## हार्दिक बधाई



२०७९ असार २० गते/जुलाई ४ तारिख, २०२२ सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री आशिष श्रेष्ठ र नेपाल सामुदायिक चर्च, पर्वतको सदस्य सुश्री रेबेका सुनुवार माझीको क्वालिटी ब्याङ्वेट, बुद्धनगरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती आशिष र रेबेका श्रेष्ठलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७९ असार २९ गते/जुलाई १३ तारिख, २०२२ बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री रीता खड्का र अनुग्रह बेथेल एजी चर्च, धुलिखेलको सदस्य श्री सुजन घिमिरको नेइम ज्ञानश्वेर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती सुजन र रीता घिमिरेलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

१. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगतिको लागि प्रार्थनागरौं ।

२. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् साथै उहाँको इच्छाअनुसार मण्डलीहरू पनि अघि बढ्दै जान सकून् ।

३. मण्डलीका सबै विश्वासीहरू पवित्र आत्माको भरपूरी र पवित्र आत्माको अगुवाइमा जिउनेहरू हुन सकून् ।

४. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

५. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

६. नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं साथै सेवकाइ गर्नुहुने सवेक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

७. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

८. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै, एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

९. देशको विभिन्न भागमा बाढी पहिरोको कारण दुःख पाएकाहरूले समयमा नै राहतहरू पाउन सकून् साथै पुनःस्थापनको लागि प्रार्थना गरिदिऔं ।

१०. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तगर्तका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

११. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानभुएकाहरू अनुग्रहको समय छँदानै प्रभुमा फर्केर आउन सकून् ।

१२. सारा संसारभरि येशू प्रभुको नाउँको खातिर प्रभुका जनहरूलाई दुःख, कष्ट, खेदो, निन्दा, सतावट दिनेहरू कुनै न कुनै माध्यमद्वारा प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

१३. संसारका विभिन्न देशहरूमा भइरहेको गृहयुद्ध, युद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| आइतबार<br>Sunday | २२ 7<br>आराधना सेवा साथै अन्य संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>एज्रा ७:९-१० | २९ 14<br>मण्डलीअन्तर्गतका संगतिका भुण्डहरूलाई अगुवाइ गर्नुहुने अगुवाहरू पवित्र आत्माको सहायतामा आफ्नो बगालको हेरचाह गर्न सकून् ।<br>१ पत्रुस ५:१-४ | ५ 21<br>मण्डलीका सबै सेवक-सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>प्रेरित २०:२८-३२ | १२ 28<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको असल साक्षीद्वारा धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:१७-३२ |
| सोमबार<br>Monday | २३ 8<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस् ।<br>यशैया ६२:६ | ३० 15<br>मण्डलीका सबै जवानहरू प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून् ।<br>भजनसंग्रह ११९:९ | ६ 22<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपले परिवर्तित भएर परमेश्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १३ 29<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ |
| मंगलबार<br>Tuesday | २४ 9<br>परमेश्वरबाटको उत्तम प्रतिज्ञाहरू जो हाम्रो लागि दिनुभएको छ, सो प्रतिज्ञाहरू घोषणा र दाबी गर्दै परमेश्वरको महिमाको लागि आशिषित् भएर जिउन सकौं ।<br>२ पत्रुस १:३-४ | ३१ 16<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दुःख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहन साथै समाधानको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ४६:१-११ | ७ 23<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१०, याकूब १:५ | १४ 30<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस् ।<br>१ पत्रुस ५:७ |
| बुधबार<br>Wednesday | २५ 10<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेला भएर जिउन सकून् ।<br>कलस्सी १:२८ | भदौ १ 17<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिष्को कारण बन्न सकौं ।<br>१ थेसलोनिकी ५:११ | ८ 24<br>दुःख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १५ 31<br>नेइमअन्तर्गतका शाखा-आवद्ध साथै शुरू भएका संगतिहरूमा सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् ।<br>मत्ती ९:३५-३८ |
| बिहीबार<br>Thursday | २६ 11<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | २ 18<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | ९ 25<br>निराश-हतास, चिन्ता-फिक्री, अभाव, रोग आदि समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५५:२२, १४७:३ | १६ September 1<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना बाल बालिकाहरू साथै छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९ |
| शुक्रबार<br>Friday | २७ 12<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>कलस्सी ३:१३-१७ | ३ 19<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष्को कारण बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | १० 26<br>हामी सबै खीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ कोरिन्थी ३:१६-१८ | १७ 2<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागको होस् जसको फल स्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>मत्ती ५:६, कलस्सी २:६-७ |
| शनिबार<br>Saturday | २८ 13<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ११९:१-१६ | ४ 20<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ | ११ 27<br>सारा विश्वव्यापी मण्डलीहरूसंख्यात्मक वृद्धि मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | १८ 3<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ |

**परमप्रभु उच्च हुनुभएको छ, किनकि उहाँ उच्चमा विराजमान हुनुहुन्छ । उहाँले सियोनलाई न्याय र धार्मिकताले परिपूर्ण पार्नुहुनेछ । तिमीहरूको समयको लागि उहाँ पक्का जग र मुक्ति तथा ज्ञान र बुद्धिको बहुमूल्य भण्डार हुनुहुन्छ । परमप्रभुको भय मान्नु नै यस भण्डारको साँचो हो ।**

**यशैया ३३:५-७**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,